**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १६ गते**

कोरोना भाइरसको सङ्क्रमण फैलन नदिन बागमती प्रदेश सरकार तथा प्रदेश भित्रका सबै जिल्लाहरूका स्थानीय तहहरूले उच्च सतर्कता अपनाएका छन् ।
प्रदेशको १३ ओटै जिल्लामा रहेका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट प्राप्त दैनिक अपडेटको आधारमा तयार पारिएको रिपोर्ट यहाँ प्रस्तुत गरिएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखा उद्योग वाणिज्य सङ्घले लकडाउनका कारण खाद्यान्नको सङ्कट परेको जिल्ला स्थित गौरिशंकर बालगृहका अनाथ बालबालिकालाई वैशाख १६ गते खाद्य सामग्री हस्तान्तरण गरेको छ ।
कोराना भाइरसको सङ्क्रमणबाट बच्न होम क्वाराइण्टाइन रहेका दोलखाको गौरिशंकर बालगृहका अनाथ बालबालिकालाई खाद्य सामग्रीको अभाव भएपछि दोलखा उद्योग वाणिज्य सङ्घले सहयोग गरेको हो । बालगृहमा २७ जना बालबालिका र तीन जना कर्मचारी रहेका छन् ।
लकडाउनै बीच दोलखाको चार स्थानीय तहले नियमित खोप सेवा कार्यक्रम सञ्चालन गरेका छन् । कोरोना भाइरसका कारण सरकारले लकडाउन गरेपछि एक महिना यता रोकिएको नियमित खोप कार्यक्रम दोलखाको चार ओटा स्थानीय तहले सुरु गरेको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले जानकारी दिनुभयो ।
बिगु, तामाकोशी, मेलुङ गाउँपालिका र भीमेश्वर नगरपालिकाले नियमित खोप कार्यक्रम सुरू गरेको हो । दूरी कायम गरेर नियमित खोप सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूलाई निर्देशन र बच्चा लिएर आउने आमाहरूलाई अनुरोध गर्ने गरेको स्वास्थ्य कार्यालयले जनाएको छ ।
लकडाउनको अवधिमा गाउँपालिकासँगको समन्वयमा दोलखा भित्रिएका ११ हजारभन्दा बढी मानिसको स्वास्थ्य परीक्षण नहुँदा स्थानीयको गुनासो बढ्न थालेपछि स्थानीय तहहरूले जिल्ला भित्रनेहरूको स्वास्थ्य परीक्षण सुरू गरेका छन् ।
गाउँमा आएका नागरिकको स्वास्थ्य जाँच कार्य भईरहेको र सबैलाई १४ दिनसम्म होम क्वारेण्टाइनमा बस्न अनुरोध गरिएको छ । वैशाख १६ गते शैलुङ गाँउपालिकाले गाउँ फर्केका १ सय ४२ जनाको स्वास्थ्य जाँच गरेको छ ।
सरकारले लकडाउनलाई थप कडाई गर्न निर्देशन गरेसँगै दोलखामा वैशाख १६ गतेबाट अझै कडाई गरिएको छ । सदरमुकाम चरिकोटमा विना पास लकडाउनको उल्लङ्घन गरेको भन्दै प्रहरीले सरकारी मोटरसाइकलसमेत नियन्त्रणमा लिन थालेको छ ।
वैशाख १६ गते मात्र प्रहरीले दुई सरकारी मोटरसाइकल सहित १६ ओटा मोटरसाईकल, चार पाङ्गे सवारी साधन ६ ओटा, ६ चक्के एक र ट्रयाक्टर एक ओटा नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ ।
लकडाउनको ३६ दिनको अवधिमा प्रहरीले ३ हजार ५ सय ८८ जनालाई नियन्त्रणमा लिएर आवश्यक कारबाही गरेको जनाएको छ । लकडाउनमा थप कडाइ गर्ने क्रममा १६ गते बिहान मात्र ९० जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नुवाकोटमा वैशाख १६ गते ३० जनामा र्‍यापीड टेष्ट गरिएको छ । टेष्ट गरिएको सबैको नतिजा नेगेटिभ आएको छ । त्यसैगरी २ सय ३३ जनाको ज्वरो परीक्षण गरिएको छ ।
यसैबीच, जिल्लास्तरीय मानव अधिकार अनुगमन सञ्जाल नुवाकोटको गठन भएको छ । नेपाल बार एसोशिएसन नुवाकोटका अध्यक्ष देवराज कँडेलको संयोजकत्वमा पाँच सदस्य मानव अधिकार अनुगमन सञ्जाल गठन भएको हो ।
कोरोना भाइरसको जोखिमका कारण जिल्ला जिल्लामा पर्ने असर र मानव अधिकार उलङ्घनका घटनालगायतको अनुगमन सञ्जालले गर्ने समितिका संयोजक देवराज कँडेलले बताउनुभयो ।

**इन्सेक चितवन प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार भरतपुरको कोरोना विशेष अस्पतालमा रहेका सामानहरू चोरी भएको भनी अध्ययन गर्न समिति गठन भएको छ ।

अस्पतालको महत्वपूर्ण उपचार सामान चोरी गरेको सीसी क्यामरा फुटेज वैशाख १५ गते सार्वजनिक भएपछि अस्पताल सञ्चालन कार्यादल समितिका सदस्य राजु पौडेलको सयोजकत्वमा तीन सदस्यीय टोली वैशाख १६ गते गठन भएको छ ।
अस्पतालमा कार्यरत कर्मचारीहरू सजय बराल, फणिन्द खनाल र सूर्य तिवारीले रातको समयमा चोरी गरेको भनी भिडियो नै सार्वजनिक भएपछि उनीहरूलाई तत्काल निलम्बन गर्न नेपाली काङ्ग्रेस चितवनले १६ गते नै प्रमुख जिल्ला अधिकारी नारायण भट्टराईलाई ज्ञापनपत्र बुझाएका छन् ।
यसैबीच, लकडाउन भएको दिन चैत ११ गतेबाटै वीपी कोइराला मोमोरियल क्यान्सर अस्पतालमा ओपीडी बन्द रहेकोमा वैशाख १६ गतेबाट खुलाइएको छ । लकडाउन भएको ३५ दिनपछि ओपीडी सेवा सुरू भएको अस्पताल प्रशासनले जनाएको छ ।
ओपीडी सेवा खुलाएपछि व्यवस्थित हिसाबले जाँच्न थालिएको डा. अनिलविक्रम कार्कीले बताए । एक पटकमा १० जनालाई १० भिन्न डाक्टर कहाँ पठाइ स्क्रिनिङ गरेर, ज्वरो जाँचेर मात्र थप जाँच गरी ओपीडी सेवा थालिएको नेपाल चिकित्सक सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्ष समेत रहेका डा. कार्कीले बताउनु भयो । यस अघि इमरजेन्सीमै जाँच गर्ने गरिएको थियो ।
भरतपुर अस्पतालबाट वैशाख १६ गते १० ओटा नमूना सङ्कलन गरि कोरोना परीक्षणका लागि पठाइएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार लकडाउनपछि दैनिक ११ बजेदेखि २ बजेसम्म खुल्दै आइरहेको खाद्यन्न तथा तरकारी पसल वैशाख १६ गतेदेखि बिहान ७ बजेदेखि १० बजेसम्म मात्र खोल्न भएका छन् ।
प्रमुख जिल्ला अधिकारी अस्मान तामाङको अध्यक्षतामा बसेको बैठकले लकडाउनलाई थप प्रभावकारी बनाउन ग्याँस, फलफूल, खाद्यान्न, तरकारी, खानालगायतका पसलहरू खुल्ने समय परिवर्तन गरिएको बताइएको छ ।
काठमाडौं र तराईका जिल्लाहरूबाट ढुवानी भइरहेका हरियो तरकारी, फलफूल, कुकुराको चल्ला, मासु जन्य पदार्थलाई बन्द गरी जिल्लाकै उत्पादनलाई प्राथमिकता दिने निर्णय गरेको धादिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष रुद्रबहादुर खत्रीले बताउनु भयो ।
नेपाल पत्रकार महासङ्घ बागमती प्रदेशले जिल्लाका पत्रकारहरूलाई लकडाउनको समयमा अत्यावश्क्यक पर्ने स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।
पत्रकार महासङ्घ बागमती प्रदेशका अध्यक्ष प्रताप विष्टले धादिङका अध्यक्ष नवराज छत्कुली, नुवाकोटका पत्रकार रामहरी गजुरेल र रसुवाका अध्यक्ष हेमनाथ खतिवडालाई सो सामग्री हस्तान्तरण गर्नु भएको थियो
नेत्रावती डबजोङ गाउँपालिकाले श्रममा आधारित राहत कार्यक्रम सुरू गरेको छ ।
गाउँपालिकाको विकास निर्माणको क्षेत्रमा काम गर्ने नागरिकहरूलाई गाउँपालिकाले प्रतिदिन ७ सय ५० का दरले रकम उपलब्ध गराउने नेत्रावती डबजोङ गाउँपालिकाका सूचना अधिकारी तथा स्वास्थ्य संयोजक कृष्णबहादुर पौडेलले बताउनु भयो ।
पहिलो दिन वडा नम्बर ३ को समेजोङ प्रहरी चौकीदेखि चौतारासम्मको सडक मर्मत कार्य सम्पन्न भएको छ । गाउँपालिकामा रहेको कामका लागि पारिश्रमिकमा आधारित १० लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत १० लाख रहेको छ ।
नेत्रावती डबजोङ गाउँकार्यपालिकाको असाहय, गरिब, अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरूलाई दोश्रो चरणको राहत वितरण गरिने योजना गाउँपालिकाले बनाएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार ललितपुरको महालक्ष्मी नगरपालिकाले स्वयम् सेवक परिचालन गरी खाद्यान्न अभाव भएकाहरूको तथ्याङ्क सङ्कलन गरी वडा कार्यालयलाई दिने र वडाका जनप्रतिनिधिहरूले स्थलगत अनुगमन गर्दा वास्तविक समस्या देखिएमा त्यहीँ राहत दिँदै आएको छ ।
लकडाउनको नियम उलङ्घन गरेको आरोपमा वैशाख १६ गते ३ सय १३ जनालाई महानगरीय प्रहरी कार्यालयले कारबाही गरेको छ ।
कोभिड-१९को शङ्कमा वैशाख १५ गते भर्ना भएका तीन जनालाई पाटन अस्पतालको आइसोलेशन वार्डबाट जनरल वाईमा सारिएको अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।

महालक्ष्मी नगरपालिका, महाँकाल र कोन्ज्योसोम गाउँपालिकाका टोलटोलमा स्वयम्सेवक परिचालन गरी लकडाउनलाई व्यवस्थित गरिएको छ ।
ललितपुरका तीन ओटै नगरपालिकाले खानाको समस्या भएका नागरिकहरूलाई राहत दिने वा खाना खुवाउने व्यवस्था गरेको ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्यालले जानकारी दिनु भयो । उहाँका अनुसार वडा नं.९, ५, १५, २१ र २२ मा सामूहिक खाना खुवाउन थालिएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लामा वैशाख १६ गतेसम्म १ सय ७५ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।
जिल्लामा ३७ जना महिला र १ सय ३८ जना पुरुष गरी १ सय ७५ जनाको र्‍यापीड टेष्ट प्रविधिबाट स्वास्थय परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्रकुमार कर्णले जानकारी दिनुभयो । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
जिल्लाका क्वारेण्टाइन र आइसोलेशनहरूको न्युनतम मापदण्ड पुरा नभएकोले त्यसलाई सुधार गर्नु पर्ने जिल्ला अस्पताल रामेछापका मेडिकल सुपरिटेण्डेण्ट आन्द आचार्यले बताउनु भयो ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १६ गते १८ जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ ।
जसमा नौ पुरुष र एक महिलाको गरी १० जनाको स्वाब सङ्कलन गरि टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको छ । उनीहरू सहित १३ जनाको रिपोर्ट आउँन बाँकी छ । त्यस्तै पाँच पुरुष र तीन महिला गरी आठ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ५ सय १५ जनाको कोरोना परीक्षण गरेको छ ।
त्यसैगरी कोरोना भाइरस सङ्क्रमण रोक्न सरकारले गरेको लकडाउन अवधिमा पनि गाउँगाउँमा नयाँ मान्छे आउन थालेपछि विभिन्न ठाउँका नाका बन्द गरिएका छन् । सूर्यविनायक तथा चाँगुनारायण नगरपालिकालले सडकमा बाँसको तगारो राखेर सूचना टाँस गर्दै नयाँ मान्छेलाई प्रवेश निषेध गर्नुको साथै सवारी साधन सञ्चालनमा रोक लगाएको छ ।
यहाँ एम्बुलेन्स, दमकललगायतका अत्यावश्यक सवारी साधन र प्रेस बाहेक अन्य सवारी साधन चलाउन नपाइने र गाउँभन्दा बाहिरका मानिसलाई गाउँमा प्रवेश निषेध गर्नेगरी बाटो बन्द गराएको हो । लकडाउनलाई कडा रूपमा कार्यान्वयन गराउन वडा कार्यालयले समेत प्रत्येक टोलमा १०-१० जनाको दरले स्वंमसेवक परिचालन गरेको छ ।
त्यस्तै लकडाउन पालना गराउन नेपाल स्काउट भक्तपुरका स्काउटहरू सडकमा खटिएका छन् । भक्तपुर, सूर्यविनायक,मध्यपुर थिमिका तीन ओटै नगरपालिकाका ठाउँठाउँमा उनीहरू परिचालित भएको नेपाल स्काउट भक्तपुर जिल्लाका जिल्ला आयुक्त रामगोपाल कर्माचार्यले जानकारी दिनुभयो ।
भक्तपुर नगरपालिकामा करिव ५० जना, सूर्यविनायक नगरपालिकामा करिव ४० जना र मध्यपुर थिमि नगरपालिकामा करिव २० जना स्थानीय स्काउटहरू परिचालित भएको र उनीहरूले लकडाउनको पालना गराउन, खाना खुवाउने, लाइन मिलाउने, आ-आफनो गाउँठाउँमा बसमा चढाई पठाउनलगायतका स्वयमसेवामा पनि उनीहरू सक्रियतापूर्वक खटिएका छन् ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार वैशाख १५ गते नौकुण्ड गाउँपालिका प्रवेश गरेकाहरू घसमै क्वारेण्टाइनमा बस्ने भनेपछि राति सबै आ-आफ्नो घरमा गएका छन् ।
आमाछोदिङ गाउँपालिकाको क्वारेण्टाइनमा वैशाख १५ गते आएका मध्ये सुत्केरी र बिरामी सात जनालाई स्वास्थकर्मीको निगरानीमा होम क्वारेण्टाइनमा पठाएको छ । गोसाइकुण्ड गाउँपालिकामा वेशाख १६ गते आठ जनाका र्‍यापीड टेष्ट गरिएको छ । टेष्ट गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ । गोसाइकुण्ड गाउँपालिका-५ मा वैशाख १६ गते १ सय ६६ जनालाई राहत वितरण गरिएको छ ।
कालिका गाउँपालिले काठमाडौँमा भोकभोकै पर्ने अवस्थाका ५३ जना मजदुरलाई राहत वितरण गरिएको गाउँपालिका उपाध्यक्ष भवानी न्यौपानेले बताउनु भयो ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुर उद्योग वाणिज्य सङ्घले हेटौंडा अस्पतालमा सेनिटाइजर स्टेसन स्थापना गरेको छ । अस्पतालमा आउने व्यक्तिलाई सेनिटाइज गरेर

प्रवेश गराउने उद्देश्यले स्टेशन स्थापना गरेको हो । सङ्घले ३८ हजार रुपियाँ लागतमा स्टेशन तयार पारेको सङ्घका सदस्य विष्णु खनालले जानकारी दिनुभयो ।
प्रदेश २ को सीमाक्षेत्रबाट प्रवेश गर्ने सवारी साधनलाई सेनिनिटाइज गर्ने गरी स्यानिटाइज स्टेशन निर्माणको कार्य पनि भइरहेको खनालले बताउनुभयो । उहाँका अनुसार तीन दिनभित्र गाडी स्यानिटाइज गर्ने स्टेसन तयार हुने उहाँले बताउनुभयो ।
नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरले भीमफेदी गाउँपालिकास्थित कारागारलाई सरसफाईका सामग्री सहयोग गरेको छ ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार वैशाख १६ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा. विकास देवकोटाले नेपालमा थप दुई जनामा कोरोना सङ्क्रमण भेटिएको जानकारी दिनुभएको छ । यो सँगै नेपालमा सङ्क्रमितको सङ्ख्या ५४ पुगेको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार वैशाख १६ गते इलाका प्रहरी कार्यालय बनेपाले लकडाउन उल्लङ्घन गर्ने २२ जना व्यापारीलाई नियन्त्रणमा लिएको छ ।
सरकारले तोकेभन्दा विपरित समयमा पसल खोलेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको हो । हार्डवेयर, कस्मेटिक, होटल, लुगा, जुत्ता लगायतका पसल खोल्ने व्यापारीलाई नियन्त्रणमा लिएको तिमिल्सिनाले बताउनु भयो । उनीहरूलाई झण्डै एक घण्टा लकडाउनका नियम, कोरोना भाइरसबाट बच्ने उपायकाबारे सचेत गराएर पठाएको प्रहरीले जनाएको छ ।
लकडाउनको समय वैशाख २५ गतेसम्म थपिएपछि प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालेस्वास्थ्य संस्था, औषधि पसल, अस्पतालको सेवा, पेट्रोल पम्प, ग्याँस, खानेपानी, दाल, चामल, तेल, नुन, दुधडेरी र तरकारी बाहेकका अन्य व्यवसाय पूर्ण रूपमा बन्द गर्ने आदेश जारी गर्नु भएको छ ।
काभ्रेको मण्डन देउपुर नगरपालिकाले नौ वर्षीय बालक सहित चार जनालाई क्वारेण्टाइनमा राखेको छ । क्वारेण्टाइन बस्नेमा चैत महिनामा बर्दिबास गएर फर्किएका सवारी चालक सहित एकै परिवारका तीन जना रहेको नगरपालिकाका प्रवक्ता डिल्लीप्रसाद आचार्यले जानकारी दिनुभयो
वैशाख १६ गते धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्रमा तीन जनाको आरडीटी गरिएको छ । उनीहरूको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्लामा बाहिरबाट माछा, अण्डा र चल्ला ल्याउन वैशाख ३ गतेदेखि लगाइएको प्रतिबन्ध खुला गरिएको छ ।
उद्योग वाणिज्य सङ्घको दबाबमा प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेको अध्यक्षतामा बसेको जोखिम व्यवस्थापन केन्द्र र जिल्ला सुरक्षा समितिको बैठकले उक्त निर्णय गरेको हो ।
यसैगरि सिन्धुलीमा अघोषित रूपमा लकडाउनलाई लचिलो बनाउँदै लगिएको छ । सबै स्थानीय तहले विकासका काम सुरू गरेका छन् । विपी राजमार्गको मर्मतको काम, मदन भण्डारी राजमार्गको निर्माणका काम लगायतका ठूला आयोजनाहरूमा पनि काम सुचारु भएका छन् जसका कारण दैनिक जिल्ला प्रशासन कार्यालय सिन्धुलीले ढुवानीका साधानहरूलाई पास वितरण गर्न थालेको छ ।
वैशाख १६ गते कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्रीको संयोजकत्वमा स्थानीय विपद व्यवस्थापन निर्देशक तथा समन्वय समितिको बैठक बसेको छ । बैठकले रोकिएका योजनाहरू सामाजिक दुरिलगायत अन्य आवश्यक सजगता अपनाई सुचारु गर्ने निर्णय गरेको छ ।
यसैबीच, पत्रकार महासङ्घ सिन्धुली शाखाले जिल्लाका ५० जना पत्रकारहरूलाई प्रेस ज्याकेट उपलब्ध गराएको छ । रिपोर्टिङमा जाँदा पत्रकारहरूलाई सुरक्षित तवरले काम गर्न पाउने व्यवस्था स्वरुप उक्त ज्याकेट उपलब्ध गराईएको महासंघ शाखा सिन्धुलीका सचिव विदुर पौडेलले बताए ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार कोरोना भाइरसको महामारीपछि जिल्ला सममन्य समतिको आयोजनामा भएको सर्वपक्षिय बैठकको निर्णयले जिल्लामा सञ्चालित विकास निर्माणका आयोजनाहरू सुचारु गर्ने निर्णय गरेको छ । जिल्ला स्तरिय बैठकमा राजनीतिक दलका प्रमुख, सङ्घीय सांसदहरू, प्रदेश सांसदहरू, प्रमुख जिल्ला अधिकारीलगायत कार्यालय प्रमुखहरूको उपस्थिती रहेको थियो ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**